**२०७६ साल पौष १४ गते सोमबार बिहान ९:०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको गण्डकी प्रदेश सभाको अधिवेशन सम्वत् २०७६ साल पौष २३ गते बुधबारका दिन दिनको ११:०० बजे प्रदेश सभा भवनमा आरम्भ हुने गरी आह्वानका लागि गण्डकी प्रदेशका माननीय प्रदेश प्रमुखज्यू समक्ष सिफारिश गर्ने सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

२. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको यस प्रदेशको नवलपरासी (बर्दघाट सुस्ता पूर्व) स्थित धौवादी फलाम खानीमा प्रदेश सरकारको तर्फबाट शेयर लगानी गर्ने सम्बन्धी विषयको प्रस्ताव स्वीकृत गरियो।

३. भौतिक पूर्वाधार विकास मन्त्रालयकोप्रदेश भवन निर्माण सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिइयो।

४. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रदेश सिँचाइ सम्बन्धी विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिइयो।